आज मिति २०७६/११/१८ गते आइतबारका दिन शिवालय गाउँपालिका, सिमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान वहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

**आमन्त्रित**

श्री अनिल कुमार पाण्डे — प्रशासन अधिकृत छैठौं शिवालय गाउँ कार्यपालिकाको कार्यालय

**प्रस्तावहरु**

१. प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

३. जग्गा प्राप्ति सम्बन्धमा ।

४. निर्णयहरु अनुमोदन सम्बन्धमा ।

५. विविध तथा अन्य प्रासंगिक विषय ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयद्धारा मिति २०७६/११/०८ मा प्रकाशित **आ.व. २०७७/७८ को लागि समपुरक तथा विशेष अनुदानका आयोजना तथा कार्यक्रमहरुको प्रस्ताव आह्वान सम्बन्धी सुचना** बमोजिम यस गाउँपालिकाको आगामि आ.व. २०७७/७८ मा सञ्चालन गरिने बार्षिक विकास कार्यक्रममा देहायका आयोजनाहरु छनौट गर्नेगरी समपुरक तथा विशेष अनुदान रकम मागका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| समपुरक अनुदानतर्फ | विशेष अनुदानतर्फ |
|---|---|
| ठूलागैरा बाट डुंग्रा हुदै कोशेटाकुरा जोड्ने सडक, शिवालय २ | प्रसुती गृह निर्माण, थालारैकर स्वास्थ्य चौकी, शिवालय ५ |
| नेपाखोला राक्मा सडक स्तरोन्नती, शिवालय ३ | प्रसुती गृह निर्माण, अुँगाथापाचौर स्वास्थ्य चौकी, शिवालय ५ |
| थाला कचाली सडक निर्माण, शिवालय ६ | हनुमान प्राथमिक विद्यालय भवन निर्माण, शिवालय ३ |

### निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि यस गाउँपालिकाद्धारा पेश गरिएका प्रस्तावित आयोजनाहरुमध्ये यस आ.व. २०७६/७७ मा प्राप्त बजेटबाट देहायबमोजिमका आयोजनाहरु मात्र कार्यान्वयन गर्ने निर्णय गरियो । साथै चालु आ. व. २०७६/७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गत आ. व.मा बेरोजगारहरुको संकलित विवरण तथ्याङ्क अपुर्ण देखिएकाले गाउँकार्यपालिकाको निर्णय मार्फत स्वयंसेबक खटाइ वडापालिकाको निर्णय बमोजिम अद्यावधिक गरिएको तथा स्थानीय निर्देशक समितिको मिति २०७६/११/१६ बैठक मार्फत प्राप्त १६९९ जनाको विवरणलाई अनुमोदन गर्ने र पुर्ण विवरणलाई मात्र रोजगार व्याबस्थापन सूचना प्रणालीमा प्रविष्टी गर्ने निर्णय गरियो ।

१. कल्याना खोला कजवे निर्माण, शिवालय ७ जाजरकोट

२. मैलतडा कजवे निर्माण, शिवालय ८ जाजरकोट

३. भुतेपोखा सडक स्तरोन्नती, शिवालय २, जाजरकोट

शिवालय गाउँपालिका
गाउँपालिकाको कार्यालय
शिवालय, बाजुरा
कर्णाली प्रदेश, नेपाल
२०७४

<u>निर्णय नं. ३</u>

प्रस्ताव नं. ३ मा छलफल गर्दा शिवालय गाउँपालिकाको वडा नं. १ र २ अन्तर्गत निर्माण गरिने वडा कार्यालय भवन तथा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माणका लागि सर्वपक्षीय सहमती बमोजिम ऐलानी जग्गाको प्रयोग गर्नुपर्ने भएकोले त्यस्ता स्थानमा जग्गा प्रदान गरिदिनुहुन सम्बन्धित वन उपभोक्ता समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

प्रस्ताव नं. ४ मा छलफल गर्दा शिवालय गाउँपालिका अन्तर्गत गठित गाउँ शिक्षा समितिको मिति २०७६/११/१६ मा बसेको बैठकले गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

शिवालय गाउँ कार्यपालिकाको मिति २०७६/११/१८ मा बसेको बयाब्बिसौ बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत